# ऐरावती गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

# नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् र बिक्री कार्यको ठेक्का बन्दोबस्तीको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।०५।२४

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ), दफा ६२ (क), नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ र अनुसुची ६, ऐरावती गाउपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (अद्यावधिक)–२०७९ को व्यवस्था र ऐरावती गाउपालिका गाउ कार्यपालिकाको मिति २०८०।०५।१२ गतेको निर्णय बमोजिम आ.व. २०८०/०८१ का लागि यस गाउपालिका क्षेत्रभित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| ठेक्का नं. | दरभाउपत्रको नाम/विवरण | उत्खनन् परिमाण (घन फिट) | बिक्री शुल्क प्रति घन फिट (मु.अ. कर बाहेक) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू. अ. कर बाहेक) | धरौटी रकम | फाराम शुल्क |
|---|---|---|---|---|---|---|
| 01/ARM/NCB/ Goods RBM-2080/081 | ऐरावती गाउपालिका क्षेत्रभित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्री सम्वन्धी कार्य | २५१७९३/०० | ६/०० | १५१०७५८/०० | कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५% ले हुन आउने रकम नगदै वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत | १००० |

**शर्तहरु** :

- दरभाउपत्र फारम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. शाखा कार्यालय, ऐरावतीमा रहेको यस कार्यालयको राजश्व खाता नं. ग १.१–१८२०१४००००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिन (२०८०/०६/०७ गते) को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।
- दरभाउपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि., ऐरावती शाखामा रहेको धरौटी खाता नं. ग ३.१–१८२०१४००००००३१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।
- खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन (२०८०/०६/०८ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- प्रि बिड बैठक यो सुचना प्रकाशित मितिले १०औं दिन (२०८०/०६/०२ गते) दिनको २:०० बजे गाउपालिकाको कार्यालयमा हुनेछ। इच्छुक दरभाउपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
- दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा गरिएको सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहति पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलत्रप स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- दरभाउपत्र स्वीकृत भएमा सोको सुचना पाएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता बापत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इज्जातप्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नामामा २०८१ साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। दोश्रो किस्ता बापतको रकम २०८१।०२।२० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार गाउपालिका/ नेपाल सरकारलाई आयकर तथा अन्यकर दरभाउपत्रदाताले छुटै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरिनेछ। यस गाउपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

प्रमुख प्रशासकीय अधिकृत